# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय,गौर
## मधेशी प्रदेश,नेपाल
# सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित सूचना मिति: २०८१/०४/२४ गते

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपालसँगको साझेदारीमा गौर नगरपालिकामा महिला र किशोरीको संशक्तिकरण मार्फत नेपालमा लैङ्गिक समानतामा योगदान गर्ने ' शसक्त महिला र सम्वृद्ध नेपाल नामक परियोजनाका लागि तपसिल बमोजिमका पदमा देहायको संख्या योग्यता भएका कर्मचारी खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकासित मितिले ७ ( सात) दिनभित्र कार्यालय समयमा माग बमोजिम विवरण र राजस्व तिरेको रसिदसहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गसिएको छ । आवेदन फाराम कार्यालयबाट वा वेवसाईट https://gaurmun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०८०/०८१ | मामला व्यवस्थापक | - | २ (महिला मात्र ) | |
| २. | ०२-२०८०/०८१ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | - | २ (महिलामात्र) | |

१ . दरखास्त दिने अन्तिम सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन कार्यालय समयभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो बिदाको भोलि पल्ट ।

२. **दरखास्त दस्तुर :**मामला व्यवस्थापकको लागि रु.१०००|– ( एक हजार मात्र)
:सामुदायिक मनोसामाजिक कार्यकर्ताको लागि रु.५००/-(पाँच सय मात्र )

**३.आवश्यकता न्यूनतम योग्यता र अनुभव :**

मामला व्यवस्थापकको हकमा :

- स्नातक तह वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक मनोपरामर्शको ६ महिने तालिम लिई कम्तीमा पनि लैङ्गिक हिंसाको क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको ।
- समुदायिक लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग तथा परामर्श गरी प्रभावकारी रुपमा केस व्यवस्थापन गर्न सक्ने सीप भएको ।
- प्रतिवेदन लेखन,तथ्यांक/जानकारी संकलन,संचार,सयोजनको आवश्यक सीप भएको ।
- कम्प्यूटर सम्बन्धि राम्रो ज्ञान भएको ।
- आफूले मनोपरामर्श सेवा दिएको सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारी संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार ,एकद्धार सकट व्यवस्थापन केन्द्र,सुरक्षित आवास गृह संचालन गरेका संस्था तथा संघ संस्थाहरुसँग समन्वय तथा कार्यगत सम्बन्ध राख्न सक्ने हुनुपर्ने ।
- स्थानीय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**सामुदायिक मनोसामाजिक कार्यकर्ताको हकमा :**

- कम्तिमा पनि १२ कक्षा वा सो सरह उर्तीण गरेको ।
- समुदायमा मनोसामाजिक सहजकर्ता वा सामाजिक कार्यकार्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता ।
- समुदायमा निहित घरेलु तथा लैङ्गिक हिंसा न्यूनिकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।
- उम्मेदवारहरु सम्बन्धित नगरपालिकामा हुनुपर्नेछ ।सम्बन्धित नगरपालिकामा योग्य उम्मेदवार नआएमा भौगोलिक सहजकर्ताका आधारमा सँगैको न.पा. मा सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिनेछ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- आफूले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको र
- दिइएको उत्तरदायित्व राम्रोसँग वहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानिय स्तरमा क्लव,महिला समुह,आमा समुह,महिला स्वास्थ्य स्वयंसेविका,अपाङ्गताको क्षेत्रमा काम गर्न संस्था,स्वास्थ्य संस्था,वडामा स्थानिय सरकार तथा अन्य गैरसरकारी संस्थाबाट सन्चालन भएको अन्य कार्यक्रमसँग समन्वय गर्न सीप भएको ।
- ईमेल,इन्टरनेट,Ms word,MS Excel तथा Power point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- स्थानिय तथा राष्ट्रिय स्तरमा लैङ्गिक हिंसा सम्बनधि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयाबारे राम्रो जानकारी भएको ।
- उत्सुक एवम् नयाँ विषयवस्तु सिक्न ईच्छा भएकोलाई विशेष प्राथमिकता दिइने ।
- दलित,जनजाती,अल्पसंख्यक तथा सिमान्तकृत समुदायका उम्मेदवारलाई विशेष ग्राहयता दिईनेट ।

**पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्र:**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान ।
- वान्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।
- व्यक्तिगत विवरण ( बायोडाटा)

**४. परिक्षाको किसिम:** अर्न्तवार्ता ।

**५.दरखास्त दिने स्थान:** गौर नगरपालिका महिला तथा वालवालिका शाखा

**६. उमेरको हद:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**७.सेवा सुविधा:** शसक्त महिला र सम्वृद्ध नेपाल नामक परियोजनाको नियमानुसार

**नोट:** सम्पर्क मिति दरखास्त दिने अन्तिम मिति को भोलि पल्ट ४:00 बजे ।

**गौर नगर कार्यपालिकाको कार्यलय, गौर**